# प्रेस विज्ञप्ति

मिति:२०७४/०७/१३

यस अर्जुनधारा नगरपालिका वडा नम्बर ११ निवासी आमा अञ्जना र बुबा बद्री प्रसाद शिवाकोटीको ११ वर्षीय सुपुत्र( हिमाली एजुकेशन फाण्डेशन अर्जुनधारा-६) कक्षा-४ मा अध्ययनरत लक्ष्मण शिवाकोटीको असोज १४ गते भएको मृत्युको विषयलाई लिएर गरिएको शान्तिपुर्ण प्रदर्शनको क्रममा भएको अप्रिय घटना प्रति यस नगरपालिका दु:ख व्यक्त गर्दछौं ।

न्यायीक छानविनको माग गदै शान्तिपूर्ण प्रदर्शन भइरहेको बेला कुनै जानकारी बिना अश्रुग्यास र गोली चल्नु मानव जीवनको लागि दुर्भाग्य हो । त्यसैमा अर्जुनधारा-११ निवासी नरेश थापा मगरको ज्यान समेत जान पुग्यो । प्रदर्शनकारी र प्रहरीबीचको असामन्य मुठभेडले धेरै घाइते हुनुको साथै केही व्यक्तिलाई गोली समेत लाग्न पुर्ग्यो । यो घटनाले हामीलाई अत्यन्तै मर्माहत र स्तव्ध बनाएको छ । मृतक बालक लक्ष्मण शिवकोटीको मृत्युको बारेमा गम्भिर रुपमा छानविन गरी दोषीलाई कानुनको दायराम्रा ल्याउन यस नगरपालिका जोडदार माग गर्दछ ।

लोकतान्त्रिक मुलुकमा न्यायोचित  छानविनको माग गदै प्रदर्शनमा उत्रिएका नेपाली जनताको मौलिक अधिकार हुँदाहुँदै स्थानीय प्रसाशनबाट अश्रुग्यास र गोली चलाउने अवस्था सिर्जना गरिनु स्थानीय प्रहरीको ठूलो कमजोरी भएको हो भन्ने हाम्रो बुझाई छ ।

त्यस घटना पछि सरकारी उच्च स्तरबाट छानविन समिति गठन भई त्यस समितिले छानविन कार्य आरम्भ गरिएको हुँदा मृत्तक बालकको परिवारले न्याय पाउनु पर्छ भन्ने हाम्रो माग छ । प्रहरीको गोली लागेर मृत्युबरण गरेका थापाको परिवारलाई राहत स्वरुप १० लाख रुपैया उपलब्ध गराउनु पर्ने,घाइतेहरुको उपचार यथाशिघ्र हुनुपर्ने,तोडफोड भएकोमा उचित क्षर्तिपूर्ति गराइने जस्ता विषयमा सहमति भएको अवस्थामा त्यस सहमतिलाई कार्यान्वयन गरेर जानु नै उचित र समाधानको विकल्प हुने छ । तसर्थ यस नगरपालिका सम्पूर्ण नागरिकमा धैर्यता र संयमता अपनाउन हार्दिक अपिल गर्दछौं । साथै गोली लागी मृत्युवरण गरेका नरेश थापाको श्रीमतीलाई जिविकोपार्जनको लागि अर्जुनधारा नगरपालिकाले नियमानुसार रोजगारको उचित स्थान दिने समेत जानकारी गराउँछौं । स्व.नरेश थापा मगरप्रति भावपूर्ण श्रद्धाञ्जली गदै घाइतेहरुको यथाशिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

नगर प्रमुख:हरि कुमार राना

उप-प्रमुख: कमला आचार्य खतिवडा

**अर्जुनधारा नगरपालिका झापा**